"समृद्ध खाँदबारी नगर"

खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

नगरकार्यपालिकाको बैठक

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

पदमप्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

बैठक सङ्ख्या:६१/०८१।०८२
बैठक मिति:२०८२।०३।०२ बिहान ८:१५ बजे
स्थान: खाँदबारी नगरपालिकाको सभाहल

आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ।

प्रस्तावहरु:

१. गत कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।
२. नगरसभाको मिति तय गर्ने सम्बन्धमा।
३. बेरुजु न्यूनीकरण सम्बन्धमा।
४. छुट भएका जग्गा वर्गिकरण सम्बन्धमा।
५. लगत कट्टामा काम गर्ने कर्मचारीको पारिश्रमिक सम्बन्धमा।
६. कृषि/भेटेरिनरी कर्मचारीको विज्ञापन गर्ने सम्बन्धमा।
७. ११ नं. वडाको खेलमैदानका लागि निःशुल्क जग्गा प्राप्ति सम्बन्धमा।
८. योजनाको म्याद थप गर्ने सम्बन्धमा।
९. कर्मचारीहरुको तह वृद्धि समिति सिफारिस सम्बन्धमा।
१०. अवधारणापत्र स्वीकृत सम्बन्धमा।
११. पाङ्मा स्वास्थ्य चौकीको ट्रस्ट निर्माण र फर्निचर व्यवस्थापन सम्बन्धमा।
१२. नगरपालिकाको नयाँ प्रशासकीय भवनको कार्पेटिङ्ग तथा फर्निचर व्यवस्थापन सम्बन्धमा।
१३. नगरस्तरीय दलित समन्वय समिति गठन सम्बन्धमा।

निर्णयहरु

१. खाँदबारी नगरपालिकाको गत कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयन गरियो र बाँकि निर्णयहरु कार्यान्वयन गर्दै लैजाने।
२. खाँदबारी नगरपालिकाको आगामि आ.ब. २०८२।०८३ को नीति, कार्यक्रम र बजेट मिति २०८२।०३।१० मा पेस गर्ने।
३. खाँदबारी नगरपालिकामा वित्तीय अनुशासन कायम तथा विभिन्न आर्थिक बर्षमा अन्तीम लेखापरीक्षणका क्रममा देखिएका बेरुजुको न्यूनीकरण गर्नका लागि लेखापरीक्षण क्षेत्रका विज्ञहरुमध्येबाट समिति गठन गरी बेरुजु हुनका कारण, न्यूनीकरणका उपाय र भावी कार्ययोजनाबारे छलफल गर्ने।
४. भू-उपयोग नियमावली, २०७९ मा भएको प्रावधान अनुसार खाँदबारी नगरक्षेत्र भित्रका जग्गाहरुको वर्गिकरण गर्नुपर्ने तर विविध कारणले वर्गिकरणमा छुटेका जग्गाहरुको विवरण तथा वर्गिकरण गर्दा भुलवस गलत वर्गिकरण भएका जग्गाहरुको पुनःवर्गीकरण गर्नका लागि वडा कार्यालयबाट सिफारिस माग गर्ने र उक्त कित्ताहरुलाई नगर कार्यपालिकाको निर्णयानुसार डाटा परिमार्जन गर्दै लैजाने र वर्गिकरण भएका कित्ताहरुको दिगो व्यवस्थापनका लागि सफ्टवेयर खरिद गरी डाटा भण्डारण गर्ने साथै सूचना प्रविधि शाखाको विवरण एकिन गरी प्रशासन शाखाबाट सम्पादन गर्ने।
५. (क) खाँदबारी नगरपालिका क्षेत्रमा पर्ने कोशी राजमार्गको लगतकट्टा कार्यको लागि मिति २०८१।०९।०३ गतेको कार्यपालिका बैठकको निर्णयानुसार विज्ञको रुपमा खाँदबारी-३ बस्ने श्री तारिणी घिमिरेलाई मिति २०८१।०७।०१ देखि

पदम प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

पदमप्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

बैठक सङ्ख्या:६१/०८१।०८२
बैठक मिति:२०८२।०३।०२ बिहान ८:१५ बजे
स्थान: खाँदबारी नगरपालिकाको सभाहल

मिति २०८१ फागुन मसान्तसम्म मासिक रु. ३०,०००।– (तीस हजार मात्र।) पारिश्रमिक दिने गरि कामकाज लगाईएकोमा लगत कट्टाको कार्य सम्पन्न नभएको हुँदा सोहि सेवा सुविधा उपलब्ध गराउने गरि मिति २०८१।१२।०१ देखि २०८२ असाढ मसान्तसम्म म्याद थप गर्ने।

(ख) खाँदबारी नगरपालिका क्षेत्रमा पर्ने कोशी राजमार्गको लगत कट्टा कार्यमा २०८१ पौष देखि २०८२ ज्येष्ठ मसान्तसम्म कार्यालय समय अतिरिक्त (सार्वजनिक विदा र अन्य दिन बिहान बेलुका) कामकाजमा खटिने तपसिलका कर्मचारीहरुलाई खाईपाई आएको एक महिना बराबरको सुरु तलब स्केल बमोजिमको पारिश्रमिक प्रोत्मसाहन स्वरुप उपलब्ध गराउने।

तपसिल:

क्र.सं.	कर्मचारीको नामथर	पद	कार्यालय	कैफियत
१	श्री चेतनाथ पराजुली	कार्यालय प्रमुख	श्री मालपोत कार्यालय, खाँदबारी	
२	श्री अम्बर बहादुर गुरुङ	कम्प्युटर अपरेटर	श्री मालपोत कार्यालय, खाँदबारी	
३	श्री लोचन अधिकारी	खरिदार	श्री मालपोत कार्यालय, खाँदबारी	
४	श्री उमेश कार्की	खरिदार	श्री मालपोत कार्यालय, खाँदबारी	
५	श्री ऐर बहादुर तामाङ	स.कम्प्युटर अपरेटर	श्री मालपोत कार्यालय, खाँदबारी	
६	श्री नविन सुवेदी	कार्यालय प्रमुख	श्री नापी कार्यालय, खाँदबारी	
७	श्री आशा राई	सर्भेक्षक	श्री नापी कार्यालय, खाँदबारी	
८	श्री मोहनसिंह महरा	सर्भेक्षक	श्री नापी कार्यालय, खाँदबारी	
९	श्री विशाल राई	अमिन	श्री नापी कार्यालय, खाँदबारी	
१०	श्री सुजन कडेल	का.स.	श्री नापी कार्यालय, खाँदबारी	
११	श्री मुना राई	अमिन	श्री खाँदबारी नगरपालिका	

(ग) खाँदबारी नगरपालिका क्षेत्रमा पर्ने कोशी राजमार्गको लगत कट्टामा खटिने उल्लेखित बमोजिमका कर्मचारीहरुले सम्बन्धित कामका दौरानमा र फिल्ड भेरिफिकेशनका क्रममा खाजा नास्ता बापतको रकम रु. ३,२५,८००।– (तीन लाख पच्चीस हजार आठ सय मात्र।) अमिन मुना राईले सोधभर्ना माग गर्नुभएको हुनाले सो रकम निजलाई लगत कट्टा शीर्षकबाट भुक्तानी दिने, उक्त शीर्षकबाट रकम अपुग भएमा सोही विषयसंग मिल्दोजुल्दो शीर्षकबाट भुक्तानी दिने।

६. खाँदबारी नगरपालिकाको आ.व. २०८२।०८३ का लागि कृषि र भेटेरिनरी अधिकृत शीर्षकमा शसर्त कार्यक्रम मार्फत बजेट प्राप्त भएको हुनाले उक्त पदमा पदपूर्तिका लागि विज्ञापन आह्वान गर्ने।

७. खाँदबारी नगरपालिका ११ नं. वडा कार्यालयको च.नं. ५०८ मिति २०८२।०१।१७ को सिफारिस अनुसार तपसिलका कित्ता नं. र क्षेत्रफलका जग्गाहरु खेलमैदान निर्माणका लागि निःशुल्क प्राप्त गर्नका लागि प्रक्रिया अगाडि बढाउने।

पदम प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध खाँदबारी नगर"

खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

नगरकार्यपालिकाको बैठक

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

पदमप्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

खाँदबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय खाँदबारी सङ्खुवासभा कोशी प्रदेश २०५३

बैठक सङ्ख्या:६१/०८१।०८२
बैठक मिति:२०८२।०३।०२ बिहान ८:१५ बजे
स्थान: खाँदबारी नगरपालिकाको सभाहल

तपसिल:

क्र.सं.	जग्गादाताको नाम	कित्ता नं.	क्षेत्रफल व.मि.	प्राप्त हुने जग्गा व.मि.
१	वाल कुमारी राई	१२६७	७२०	७२०
		१२६८	६७०	६७०
२	घनश्याम राई	१२९५	७१५	३५०
३	महाप्रसाद राई	१२६६	१२५५	२५०
		१२६९	८९०	८००
		१२७२	१९०५	९५०

८. खाँदबारी नगरपालिकाको चालू आ.ब. २०८१।०८२ को नगरस्तरीय तथा वडास्तरीय योजनाहरु विविध कारणले तोकिएको समयमा समयमा सम्पन्न हुन नसकेको भनि म्याद थपका लागि माग भएको हुनाले म्याद थपका लागि निवेदन प्राप्त भएका भएका सबै योजनाहरुको म्याद समाप्त भएको मिति देखि मिति २०८२।०३।१५ सम्म म्याद थप गर्ने।

९. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ (४) बमोजिम तह वृद्धिका लागि सिफारिस गर्न प्रत्येक स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा कार्यपालिकाले तोकेको एक जना महिला सहित दुई जना वरिष्ठ कर्मचारी रहेको तह वृद्धि सिफारिस समिति रहने प्रावधान अनुसार तपसिलको तह वृद्धि सिफारिस समिति गठन गर्ने।

तपसिलः

क्र.सं.	कर्मचारीको नाम	पद	
१	श्री पदम प्रसाद बजगाई	प्रमुख प्रशासकीय अधिकृत	अध्यक्ष
२	श्री लवहाङ राई	प्रशासकीय अधिकृत	सदस्य
३	श्री अम्बिका देवी नेपाल चापागाईं	सि.अ.न.मि. अधिकृतस्तर छैटौँ	सदस्य

१०. खाँदबारी नगरपालिका न्यायिक समितिले उजुरीको कारबाही किनारा तथा फैसला कार्यान्वयन गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमतिका लागि अवधारणा पत्र साथ पेस हुन आएको प्रस्ताव उपर छलफल गर्दा प्रस्तुत अवधारणा पत्र स्वीकृत गरी नयाँ विधेयक निर्माणको लागि सहमति प्रदान गर्ने साथै विधेयक तर्जुमा गर्नका लागि उपप्रमुखको संयोजकत्वमा देहायका कार्यपालिका सदस्य रहने गरी विधेयक तर्जुमा समिति गठन गरी २०८२ असाढ १५ गते भित्र विधेयकको मस्यौदा कार्यपालिकामा पेस गर्न उक्त समितिलाई जिम्मेवारी दिने।

पदम प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध खाँदबारी नगर"

खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

नगरकार्यपालिकाको बैठक

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

पदमप्रसाद बजगाईं
प्रमुख प्रशासकीय अधिकृत

बैठक सङ्ख्या:६१/०८१।०८२
बैठक मिति:२०८२।०३।०२ बिहान ८:१५ बजे
स्थान: खाँदबारी नगरपालिकाको सभाहल

विधेयक तर्जुमा समिति

संयोजक- श्री महेश्वरा श्रेष्ठ बज्राचार्य
सदस्य- श्री ईन्द्रमाया बराईली
सदस्य- श्री दुर्गा मगर

११.खाँदबारी नगरपालिका वडा नं. ३ स्थित पांमा स्वास्थ्य चौकीलाई नगर अस्पतालको रुपमा कार्यसञ्चालनको लागि स्तरोन्नती गर्न चालू आ.व. मा प्रदेश सशर्त कार्यक्रममा प्राप्त बजेटबाट स्वास्थ्य चौकी व्यवस्थापन समितिको निर्णयबमोजिम नगरकार्यपालिकाको कार्यालयबाट कार्य अगाडि बढाईएको ट्रष्ट निर्माण र फर्निचर व्यवस्थापनसम्बन्धी छुट्टाछुट्टै कार्यप्रकृया समर्थन गर्ने।

१२.यस नगरपालिकाको हालै निर्माण सम्पन्न भएको नयाँ प्रशासकीय भवनबाट सेवाप्रवाहको लागि सञ्चालनयोग्य बनाउन चालू आ.व. मा विनियोजित बजेटबाट आवश्यक रहेका न्यूनतम पूर्वाधारहरु (फर्निसिङ, कार्पेटिङ, इन्टरनेट लाइन विस्तार) तयार गर्ने कार्य अगाडि बढाउन नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

१३.खाँदबारी नगरपालिका नगरस्तरीय दलित समन्वय समिति सञ्चालन कार्यविधि, २०७८ अनुसार यस नगरपालिकामा गठित नगरस्तरीय दलित समितिको समयावधि समाप्त भएको हुनाले उक्त कार्यविधिको दफा ३ बमोजिम तपसिल बमोजिमको समिति गठन गर्ने।

तपसिल:

क्र.सं.	पदाधिकारीको नाम	पद	कार्यविधिमा भएको व्यवस्था
१	श्री जनक पौडेली	संयोजक	दफा ३ (क)
२	श्री सिर्जना शंकर	सदस्य	दफा ३ (ङ)
३	श्री ईन्द्रमाया बराईली	सदस्य	दफा ३ (च)
४	श्री जिवन अछामी	सदस्य	दफा ३ (ख)
५	श्री फूलमाया ठटाल	सदस्य	दफा ३ (ख)
६	श्री केशर बहादुर महते	सदस्य	दफा ३ (ख)
७	श्री प्रकाश रसाईली	सदस्य	दफा ३ (ख)

आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो।

पदम प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत